स्थानीय राजपत्र
रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# मर्मत सम्भार तथा सरसफाई सम्बन्धी कार्यविधि २०७९

**प्रकाशक**
स्थानीय सरकार
रौतामाई गाउँपालिका
उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

**रौतामाई गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड : ०६** **संख्या : ०५** **मिति : पौष २०, २०७९**

**भाग : २**

**रौतामाई गाउँपालिका**

# मर्मत सम्भार तथा सरसफाई सम्बन्धी कार्यविधि २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम रौतामाई गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक, पुल, पुलेसा, ढल, खानेपानी, सिचाई जस्ता भौतिक पूर्वाधारहरु नियमित रुपमा निर्माण गरिरहेका हुन्छन् । यस्ता पूर्वाधारका आयोजनाहरुलाई दिगो रुपमा सञ्चालनमा ल्याउनका लागि त्यस्ता आयोजनाहरुको नियमित रुपमा मर्मत सम्भार गर्नु अपरिहार्य हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) खण्ड (ट) को बुदा(१) देखि (५) मा पनि गाउँपालिकाले ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिचाई र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्धार, सरसफाई, रेखदेख स्तरोन्नती अनुगमन तथा नियमन र यससँग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने भनि उल्लेख गरिएको छ । गाउँपालिका अन्तर्गतका सडक, पुल, पुलेसा, ढल, सिचाई खानेपानी लगायतका भौतिक पूर्वाधारका संरचनाहरु आकस्मिक रुपमा मर्मत सम्भार गर्नुपर्दा आवश्वकता अनुसार मर्मत गरी दिर्घकालसम्म सञ्चालनमा ल्याउनका लागि रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले यो मर्मत सम्भार तथा सरसफाई सञ्चालन कार्यविधि, २०७९ तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **"रौतामाई गाउँपालिकाको मर्मत सम्भार तथा सरसफाई सञ्चालन कार्यविधि, २०७९"** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले रौतामाई गाउँपालिकासँग मर्मत सम्भार तथा सरसफाई कोष शीर्षकमा भएको रकमलाई सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले रौतामाई गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले रौतामाई गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले रौतामाई गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले मर्मत सम्भार तथा सरसफाई कार्यको लागि यस कार्यविधि बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(छ) "अध्यक्ष" भन्नाले रौतामाई गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले रौतामाई गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(झ) "कर्मचारी" भन्नाले रौतामाई गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी/अस्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रौतामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकारीलाई सम्झनु पर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकार तथा प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ठ) "संयोजक" भन्नाले मर्मत सम्भार तथा सरसफाई कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ड) "सदस्य सचिव" भन्नाले मर्मत सम्भार तथा सरसफाई कार्यको लागि यस कार्यविधि बमोजिम गठन गरिएको समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ढ) "गैरसरकारी संस्था" भन्नाले जिल्ला प्रशासन लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत् रुपले दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ण) "पूर्वाधार" भन्नाले सडक, ढल, पुल पुलेसा, नहर, कुलो, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरु आदिलाई सम्झनु पर्दछ ।

(त) "मर्मत सम्भार तथा सरसफाई" भन्नाले पूर्वाधारहरुको नियमित रुपमा मर्मत तथा सम्भार तथा सरसफाई गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(थ) "आर्थिक वर्ष" भन्नाले श्रावन १ गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको प्रमुख उद्धेश्य रौतामाई गाउँपालिका भित्र रहेका सडक, बाटो, नहर, कुलो, पुलपुलेसा, ढल खालेपानी लगायतका पूर्वाधारहरुको नियमित रुपमा व्यवस्थित तवरले मर्मत सम्भार तथा सरसफाई गर्ने प्रणालीको विकास गर्नु रहेको छ । साथै नियमित रुपमा मर्मत गरिनुपर्ने पूर्वाधारहरुको पहिचान गर्ने, सो अनुसार योजना तर्जुमा गर्ने, नियमित रुपमा गरिने खर्चको नियन्त्रण गर्ने, लागत अनुमानमा एकरुपता कायम गर्ने, गाउँपालिका क्षेत्र भित्र मर्मत गर्नुपर्ने र नपर्ने पूर्वाधारहरुको विवरण बनाई गाउँपालिकाको काम कारबाहीमा एकरुपता कायम गर्नु नै यसको मुख्य उद्धेश्य रहेको छ। यसको मुख्य उद्धेश्यका अलावा अन्य उद्धेश्यहरु तल उल्लेख गरिए अनुसार छन् :-

(क) सडक, खानेपानी, ढल लगायतका अन्य पूर्वाधारहरुको मर्मत सम्भार तथा सरसफाईको लागि प्राप्त हुने स्रोत तथा साधनहरुको व्यवस्थित रुपले सञ्चालन गर्ने,

(ख) उपभोत्ता समिति, सरकारी तथा गैह्रसरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय जनसमुदायको अपनत्व बृद्धि गर्ने,

(ग) स्थानीय स्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्दै कार्यान्वयनमा दिगोपना ल्याउने,

(घ) स्थानीय उपभोक्ताहरुलाई सम्पन्न तथा निर्माणाधिन योजना तथा आयोजनाहरुमा हाम्रो हामीले र हाम्रा लागि भन्ने भावना जागृत गराउने,

(ङ) बार्षिक रुपमा मर्मत सम्भार तथा सरसफाई गर्नुपर्ने सडक लगायतका अन्य पूर्वाधारहरुको विवरण तयारपारी मर्मत सम्भार तथा सरसफाई सम्बन्धि कार्यक्रम तयार पार्ने,

(च) वर्तमानमा सानो लगानी वा थोरै मेहेनतबाट भविष्यमा हुने ठुलो क्षति हुनबाट योजना तथा आयोजनाहरुलाई समयमै जोगाउने,

(छ) पुराना योजनाहरुलाई बिच मै रोकेर नयाँ योजना माग गर्ने प्रकृयालाई निरुत्साहित गर्ने,

(ज) स्थानीय उपभोक्तामा स-साना मर्मत सम्भार तथा सरसफाई आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास गर्ने,

(झ) स-साना आयोजनाहरु तथा योजनाका लागि पनि दाता खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै जाने,

(ञ) गाउँपालिका क्षेत्र भित्र सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चिता प्रदान गर्ने ।

४. **कार्यविधिको प्रयोगकर्ता :-** यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्नेछन् :-

(क) रौतामाई गाउँपालिकाको कार्यालय, वडा समिति, गाउँपालिका क्षेत्र भित्रका निर्माण व्यावसायी, कर्मचारीहरु,

(ख) गाउँपालिका क्षेत्र भित्रका टोल विकास संस्था, टोल सुधार समिति, सामुदायिक संस्था, उपभोक्ता समिति तथा यस कार्यमा परिचालन हुने व्यक्ति तथा समुदायहरु,

(ग) गाउँपालिका क्षेत्रभित्र काम गर्ने राजनीतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन् ।

५. **कार्यविधिको कार्य क्षेत्र र सीमा :-**

रौतामाई गाउपालिकाको कार्यालयले आफ्नो प्रयोजनको लागि यो कार्यविधि बनाएको हुदाँ यसको कार्य सीमा यस गाउँपालिकाको क्षेत्रमा मात्र रहनेछ । साथै यो कार्यविधिलाई यस गाउँपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैह्रसरकारी, तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रुपमा लिन सक्नेछन् ।

## ६. आवश्यकता :-

स्थानीय तहमा बढ्दै गएको कार्यक्षेत्रको विस्तारका साथै सम्पन्न भए गरेका विकास निर्माणका कार्यहरुको दिगोपना कायम गर्दै गाउँबासीहरुमा भरपर्दो सेवा प्रवाह गर्न गाउँपालिका नेपाल सरकार लगायतका अन्य निकायहरुबाट भएको लगानीको प्रतिफल हासिल गर्न, विकास खर्चमा मितव्ययिता कायम गर्न, पूर्वाधारहरुको दिर्घकालिन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनाबद्व, नियमित एवम् प्रभावकारी रुपमा  मर्मत सम्भार तथा सरसफाई कार्य परिचालन गर्न अतिआवश्यक भएको देखिन्छ। यसकासाथै देहायको कारणबाट पनि यसको आवश्यकता तथा महत्व बुझ्न सकिन्छ। जसलाई बुदागत रुपमा उल्लेख गरिएको छ :-

(क) सडक, खानेपानी, सिचाई लगायत अन्य पूर्वाधारहरुको सेवालाई सुचारु राख्न,
(ख) निर्माण गरिएको पूर्वाधारहरुको दिगोपना कायम गर्न,
(ग) सम्भावित दुर्घटनालाई घटाउन,
(घ) जटिल किसिमका क्षतिहरुबाट जोगाउन,
(ङ) गाउँपालिका बासिन्दाहरुको आधारभूत हक र अधिकारहरुको संरक्षण गर्न,
(च) गाउँपालिका तथा अन्य निकायबाट भएको लगानीको संरक्षण गर्न,
(छ) अन्तर स्थानीय तहहरुसँग समन्वय कायम राख्न,
(ज) सबै नागरिकहरुको गाउँपालिकाको सेवामा पहुँच बृद्वि गर्न,
(झ) वातावरणीय समस्याहरुबाट जोगाइ राख्न,
(ञ) सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न,

## ७. कानूनी आधार :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ट) को बुदाँ (१) देखि (५) मा स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिचाई र तटबन्ध तथा यातायात सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, सरसफाई, रेखदेख स्तरोन्नती अनुगमन तथा नियमन  सम्बन्धी अन्य कार्यहरु गर्नुपर्ने भनि उल्लेख गरिएको छ। त्यस्तै किसिमले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) मा गाउँपालिकाले निर्माण सरञ्चालन वा व्यवस्थापन गरेको स्थानीय

पूर्वाधार तथा उपलब्ध गराएको सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवाशुल्क लगाउन सक्नेछ भनि उल्लेख छ। यसरी सेवाग्राहीबाट प्राप्त रकम पूर्वाधारको दिर्घकालिन प्रयोग बढाउन तथा भरपर्दो सेवा उपलब्ध गराउनका लागि योजनाबद्व, नियमित, प्रभावकारी, रुपमा मर्मत सम्भार तथा सरसफाई कार्य परिचालन गर्न अति आवश्यक देखिन्छ। त्यस्तै किसिमले सोहि ऐनको दफा १०२ को उपदफा (१) र (२) मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने तथा ऐनको अधिनमा रही आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ भनि उल्लेख भएअनुसार यो कार्यविधि तयार पारिएको छ।

## परिच्छेद-२
## मर्मत सम्भार तथा सरसफाई सम्बन्धी नीति तथा कार्यनीतिहरु

**८. नीति**

रौतामाई गाउँपालकाले गाउँपालिका क्षेत्र भित्र काम कारबाही सञ्चालन गर्दा सकेसम्म गाउँपालिका क्षेत्र भित्रका सबै पूर्वाधारका साथै सार्वजनिक सडक, पुल, पुलेसा कुलो तथा नहर लगायतका संरचनाहरुको स्थायी र दिगोपनका लागि आवश्यक मर्मत सम्भार तथा सरसफाई कार्य गर्न अनुकूल वातावरण तयार गर्ने नीति अबलम्वन गर्नेछ।

**९. कार्यनीतिः-**

यस कार्यविधिको नीति कार्यान्वयन गर्नका लागि रौतामाई गाउँपालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अबलम्वन गरिनेछ।

(क) मर्मत सम्भार तथा सरसफाई कार्य भरसक श्रम प्रदान तथा कामदारहरु सोझै परिचालन गरी वा उपभोक्ता समितिको माध्यबाट वा ठेक्कापट्टाबाट गराउने,

(ख) मर्मत सम्भार तथा सरसफाई कार्य भरसक कार्यमूलक स्थानीय नेतृत्व हुने गरी वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागीतामूलक प्रकृयाबाट गराउने,

(ग) सम्भव भएसम्म स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने,

(घ) प्रत्येक वर्ष मर्मत सम्भार तथा सरसफाई कार्यहरुको लागि सम्भव भएसम्म आवश्यक सूची तयार पारी सम्भाव्य क्षेत्र तथा अन्य जोखिमपूर्ण

स्थानहरुलाई उच्च ध्यान दिदै सार्वजनिक यातायातलाई सुचारु गर्नुपर्ने जस्ता कुराहरुमा जोड दिई यस किसिमको कार्यलाई सरल र सहज बनाउने,

(ङ) सडक, पुल पुलेसा कुलो तथा नहर लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका जनता, उपभोक्ता समितिलाई गाउँपालिकाले मर्मत सम्भार तथा सरसफाई सहितको जिम्मेवारी दिदै योजना हस्तान्तरण गर्ने,

(च) गाउँपालिका क्षेत्र भित्र निर्माण कार्य सम्पन्न भएका र निर्माणाधीन अवस्थाका पूर्वाधारहरुको उचित मर्मत सम्भार तथा सरसफाई सहितको दिगो उपयोगिताको लागि गाउँपालिकाले आफ्नै स्रोत, नेपाल सरकारको अनुदान अन्तर्गत पूर्वाधार क्षेत्रका लागि बार्षिक रुपमा विनियोजित रकमको निश्चित प्रतिशत रकम मर्मत सम्भार तथा सरसफाईको लागि सरसफाई कोषमा जम्मा गर्दै खर्च गर्ने,

(छ) मर्मत सम्भार तथा सरसफाई सञ्चालन व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाले सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै जाने,

(ज) मर्मत सम्भार तथा सरसफाई सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधी कार्यान्वयनका लागि गाउँपालिका, गाउबासी तथा उपभोक्ता समितिहरुले समय समयमा बैठक बसी देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(झ) सडक मर्मत सम्भार तथा सरसफाईको कार्य गर्दा स्थानीय पत्रिकामा १५ दिने शिलबन्दी दररेट आव्हान गरी सार्वजनिक सुचना प्रकाशन गर्नुपर्ने छ,

(ञ) सडक मर्मत सम्भार तथा सरसफाई कार्य गर्दा मेसिनको दररेट प्रतिघण्टा वा परिमाणको आधारमा मर्मत सम्भार तथा सडक सरसफाई गरिनेछ

(ट) सडक मर्मत सम्भार तथा सरसफाईको कार्य शुरु र अन्त्य गर्दा कार्यालयले तोकेको स्थानमा सम्बन्धित वडाको जनप्रतिनिधी र प्राविधिकको रहोबरमा मेसिनको शुरु/अन्तिम घण्टा मिटरको मुचुल्का उठाउनु पर्नेछ, साथै सोको फोटो पनि संलग्न गर्नुपर्ने छ,

(ठ) मेसिनको दररेट निर्धारण इन्धनको तत्कालिन बजार मुल्य अनुसार सडक विभागले २०७५ साल माघ १८ गते जारी गरेको नर्म्सलाई आधारमानी गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(ड) सडक मर्मत तथा सरसफाईको कार्य समाप्त भएपश्चात् सोको कार्य भएको कामको घण्टाको प्रमाणित वडा समितिको बैठकको निर्णय प्रतिलिपी, वडाको सिफारिस, र गाउँ कार्यपालिकाको बैठकबाट प्रमाणित गरी कार्य गरेको घण्टाको प्राविधिकको मूल्याङ्कन अनुसार भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।

**१०. योजनाको तर्जुमा तथा कार्यान्वयन :-**

गाउँपालिकाले सहभागितात्मक प्रकृयाबाट मर्मत सम्भार तथा सरसफाई योजनाहरु तर्जुमा गर्नेछ । यसको प्रकृया देहाय बमोजिम हुनेछ ।

(क) समितिको गठन तथा कोषको व्यवस्थापन,

(ख) भौतिक अवस्थाको विवरण सङ्कलन, प्राप्त विवरणको लेखाजोखा तथा छलफल,

(ग) प्रारम्भिक लागत अनुमान तथा प्राथमिकीकरण,

(घ) विस्तृत अध्ययन तथा लागत अनुमानको तयारी,

(ङ) समितिबाट योजना सहितको कार्यक्रमको तयारी,

(च) योजना शाखाबाट निरिक्षण तथा उपभोक्ता समितिहरुको गठन,

(छ) गाउँपालिकाको विकास कर्यक्रममा समावेश,

(ज) कार्यान्वयन, व्यवस्थापन तथा सार्वजनिक परिक्षण,

(झ) अनुगमन तथा मूल्याङ्कन,

(ञ) कार्य सम्पन्न प्रतिवेदन,

(ट) समिक्षा

## परिच्छेद-३

## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**११. कोषको स्थापना :-**

(क) गाउँपालिका मर्मत सम्भार तथा सरसफाई सम्बन्धी कार्यको लागि छुट्टै शीर्षक(कोष) रहनेछ । उक्त शीर्षकमा देहाय अनुसारका रकमहरु रहनेछन्:-

१. गाउँसभाबाट मर्मत सम्भार तथा सरसफाईका लागि हालसम्म छुट्याइएको सम्पूर्ण रकम,

२. योजनाहरुबाट मर्मत सम्भार तथा सरसफाईको लागि भनि कट्टा गरिएको सम्पूर्ण रकम,

३. कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदानका रकम,

४. गाउँसभाको स्वीकृतीमा प्राप्त अन्य रकम,

५. नेपाल सरकार, प्रदेश सरकारबाट मर्मत सम्भार तथा सरसफाईको लागि विनियोजित रकम,

६. गाउँपालिकाले निर्माण सञ्चालन तथा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीबाट प्राप्त शुल्क,

७. अन्य विविध स्रोतबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट सञ्चालन हुने भौतिक निर्माणसँग सम्बन्धित कार्यक्रमहरुको लागि विनियोजित रकमको आधारमा मर्मत सम्भार तथा सरसफाईको लागि विनियोजित रकम नजिकको बैंङ्कमा छुट्टै मर्मत कोष खाता खोलिनेछ ।

**१२. कोषको प्रयोग :-**

यस कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछः-

(क) नियमित मर्मत सम्भार तथा सरसफाईको कार्य गर्न गराउन,

(ख) सार्वजनिक बाटो, पुल पुलेसा ढल, सिचाई, खानेपानी जस्ता भौतिक पूर्वाधारप्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व बोध बारे जनचेतना अभिबृद्धि गर्न गराउन,

(ग) मर्मत सम्भार तथा सरसफाई सम्बन्धी काम गर्ने संस्थाहरु बिच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण र अनुगमन गर्न,

(घ) सामाजिक सचेतना तथा सहभागितामूलक कार्यक्रम सञ्चालन गर्न,

(ङ) नियमित रुपमा मर्मत सम्भार तथा सरसफाई गरिने सडकहरुमा सडक हेरालुहरुको पारिश्रमिक भुक्तानी गर्न,

(च) आकस्मिक रुपमा हुने सडक, खानेपानी योजना, सिचाई योजना आदिमा हुने क्षति अथवा अवरोधलाई सम्बोधन गर्न,

**१३. नपुग रकमको व्यवस्थाः-**

रकम अभाव भई सञ्चालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि गाउँ कार्यपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिक प्रतिवेदन सहित सिफारिस गर्नुपर्नेछ ।

**१४. विवरण तयार पार्ने:-**

प्रत्येक आर्थिक बर्ष सुरु हुनु भन्दा अगावै कोष सञ्चालन समितिबाट कार्यक्रम तयार पारी योजना शाखा मार्फत सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

**१५. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने:-**

आगामी आर्थिक बर्षमा मर्मत सम्भार तथा सरसफाईका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन गाउसभामा बजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नुपर्नेछ ।

**१६. श्रेस्ता राख्ने:-**

(क) कार्यालयले कोषको आय र व्ययको लेखा प्रचलित नियम बमोजिम राख्नुपर्नेछ,

(ख) समितिले प्रशासनिक खर्च गाउसभाबाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन,

(ग) सभाबाट उपलब्ध गराउने बजेटको रकम तोकिएको क्षेत्र बाहेक अन्यत्र खर्च गर्न पाउने छैन,

**१७. बैठक भत्ता :-**

मर्मत सम्भार तथा सरसफाई कोषबाट पदाधिकारीहरुले बैठकमा भाग लिएवापत गाउसभाबाट तोकिए बमोजिमको मात्र बैठक भत्ता लिन पाउनेछन् ।

**१८. खाता सञ्चालन :-**

कोषको आर्थिक कारोबारको लागि  प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**१९. लेखापरिक्षण**

मर्मत सम्भार तथा सरसफाई कोषबाट भएको आयव्ययको आन्तरिक लेखा परिक्षण आ.ले.प. शाखाबाट र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालय गराउनु पर्नेछ ।

## परिच्छेद-४

## कार्यान्वयन व्यवस्थापन, समितिको गठन र अन्य व्यवस्था

**२०. कार्यान्वयन व्यवस्थापन :-**

(क) सम्पन्न पूर्वाधारहरुको मर्मत सम्भार तथा सरसफाई कार्य उपभोक्ता समिति वा सोझै कामदार मार्फत वा ठेक्कामार्फत गराउने व्यवस्था गरिनेछ। कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे अनुसार हुनेछ । तर यस किसिमको निर्णय गर्नका लागि गाउँ कार्यपालिकाको पूर्वस्वीकृती भने लिनु पर्नेछ ।

(ख) उपभोक्ता समिति मार्फत मर्मत सम्भार तथा सरसफाईको कार्य गराउदा उपभोक्तासँग लागत सहभागिताको विधि र प्रकृयालाई समेत जोड दिइनेछ ।

(ग) मर्मत सम्भार तथा सरसफाई कार्यको लागि पेश्की नदिई कार्य प्रगतिको आधारमा मूल्याङ्कन गरी गाउँपालिकाले भुक्तानी दिनेछ ।

(घ) मर्मत सम्भार तथा सरसफाई कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिनेछ

१. गाउँपालिका अध्यक्ष - संयोजक
२. गाउँपालिका उपाध्यक्ष - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. १ महिला सहित २ जना गाउँ कार्यपालिका सदस्यहरु - सदस्य
५. प्राविधिक शाखा प्रमुख - सदस्य
६. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
७. योजना शाखा प्रमुख - सदस्य सचिव

(ङ) यस कार्यविधि बमोजिम गठित समितिको नियमित बैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(च) आमन्त्रित पदाधिकारीहरुले पनि बैठकमा उपस्थित भएवापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

**२१. समितिको बैठक :-**

(क) सामान्यतया समितिको बैठक चौमासिक रुपमा र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ,

(ग) सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूचि सहितको सुचना बैठक बस्ने समय भन्दा चौविस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(घ) कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) आकस्मिक रुपमा बैठक वस्नु पर्ने अवस्था भएमा संयोजकले जुनसुकै वेलापनि बैठक बोलाई कम्तिमा एकजना सदस्य र सदस्य सचिवको उपस्थितिमा आवश्यक निर्णय लिन सक्नेछ तर यस किसिमको बैठकबाट भएको निर्णयलाई पछिल्लो बैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

**२२. बैठकको निर्णय**

बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गर्नुपर्दछ । सर्वसम्म्त निर्णय हुन नसकेमा कूल सदस्य संख्याको बहुमतको निर्णयलाई समितिको निर्णयको रुपमा मान्नु पर्नेछ । मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

**२३. समितिको काम कर्तव्य र अधिकार :-**

**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) आगामी आर्थिक बर्षमा गाउँपालिका क्षेत्रभित्र मर्मत गरिनु पर्ने भौतिक संरचनाहरुको लागत सहितको विवरण सङ्कलन गरी गाउँसभामा पेश गर्ने,

(ख) ऐन नियमावली अनुसार कोषको खातामा जम्मा गर्नुपर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने,

(ग) कोषको लागि बार्षिक रुपमा आवश्यक पर्ने यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(घ) कोषको आयव्यय सम्बन्धी हिसाबको लेखापरिक्षण गराई सोको लेखापरिक्षण प्रतिवेदन गाउँपालिका मार्फत गाउसभामा पेश गर्ने,

(ङ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरु लगायत खर्चको व्यवस्था कार्यालयबाटै मिलाउने,

(च) प्रत्येक चौमासिकमा कोषमा जम्मा भएको तथा खर्च भएको खर्चको यथार्थ विवरण सार्वजनिक गर्ने गराउने,

(छ) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने,

(ज) विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरुसँग गाउँपालिकाको सहमतिमा कार्यक्रमहरु सञ्चालन गर्ने तर्फ आवश्यक पहल गर्ने,

**२४. समितिको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :-**

**(क) संयोजकको काम कर्तव्य र अधिकार**

१. समितिको बैठकको अध्यक्षता गर्ने,
२. कोषको सम्पूर्ण गतिविधिहरुको नेतृत्व गर्ने,
३. कोष सम्बन्धी सम्पुर्ण उत्तरदायित्व वहन गर्ने,
४. समितिबाट पारित कार्षिक कार्यक्रम तथा आयव्ययको विवरण प्रस्तावित बजेटमा समाबेश गरी गाउसभामा पेश गर्ने व्यवस्था मिलाउने,
५. कार्यक्रमहरुको विवरण समयमा नै सङ्कलन गरी राख्ने व्यवस्था मिलाउने

**(ख) सदस्य सचिवको काम कर्तव्य र अधिकार**

१. कोषको कार्य सञ्चालन गर्ने,
२. बैठकको निर्णय अभिलेख गरी राख्ने,
३. बैठकको निर्णय कार्यान्वयन गर्ने,
४. समितिको निर्णय अनुसार कार्य सञ्चालन गर्ने गराउने,

**(ग) सदस्यको काम कर्तव्य र अधिकार**

१. समितिको बैठकमा नियमित रुपमा भाग लिने,
२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने,
३. कोषको प्रवर्द्धन र कायक्रमको  हित हुने कार्य प्रस्ताव गर्ने
४. समितिको निर्णय अनुसार अन्य आवश्यक कार्य गर्ने गराउने,

## परिच्छेद-५
## मर्मत सम्भार तथा सरसफाई सम्बन्धी व्यवस्था

**२५. मर्मत सम्भार तथा सरसफाईका प्रकार :-**

मर्मत सम्भार तथा सरसफाईका प्रकार निम्नानुसार हुनेछ,

(क) नियमित मर्मत सम्भार तथा सरसफाई
(ख) पटके मर्मत तथा सम्भार तथा सरसफाई
(ग) आवधिक मर्मत सम्भार तथा सरसफाई
(घ) आकस्मिक मर्मत सम्भार तथा सरसफाई
(ङ) रोकथाममूलक मर्मत सम्भार तथा सरसफाई
(च) विशेष मर्मत सम्भार तथा सरसफाई

**२६. प्राथमिकताक्रमः-**

मर्मत सम्भार तथा सरसफाई कार्यको प्राथमिकताका तोक्ने काम समितिले प्राप्त तथ्याङ्क र वस्तुस्थितिको आधारमा गर्ने भएतापनि साधारणतया उपलब्ध साधन र स्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्य सञ्चालन गरिनेछ ।

(क) आकस्मिक मर्मत सम्भार तथा सरसफाई

(ख) नियमित मर्मत सम्भार तथा सरसफाई

(ग) पटके मर्मत तथा सम्भार तथा सरसफाई

(घ) आवधिक मर्मत सम्भार तथा सरसफाई

(ङ) रोकथाममूलक मर्मत सम्भार तथा सरसफाई

(च) विशेष मर्मत सम्भार तथा सरसफाई

**२७. सडक मर्मत सम्भार उपभोक्ता समितिको कोष तथा व्यवस्थापन :**

(क) गाउँपालिकाले सडक मर्मत सम्भार तथा सरसफाई समितिको पहलमा स्थानीय सडक मर्मत सम्भार तथा सरसफाई उपभोक्ता समितिबाट परिचालन हुने गरी मर्मत सम्भार तथा सरसफाई विषेश कोष स्थापना गर्न सक्नेछ । यस कोषमा गाउँपालिका तथा स्थानीय तह हेर्ने मन्त्रालयबाट सम्बन्धित सडक मर्मत सम्भार तथा सरसफाईका लागि प्राप्त रकमहरु रहनेछन् । यसका अतिरिक्त स्थानीय सडक मर्मत तथा सरसफाई उपभोक्ता समितिले स्वीकृत विधान बमोजिम थप श्रोतहरु समेत जुटाई रकम सञ्चय गर्न कोषको परिचालन समेत गर्न सक्नेछ ।

**२८. वार्षिक मर्मत सम्भार तथा सरसफाई योजना :-**

गाउँपालिकाले निम्न विवरण सहितको निर्धारीत ढाँचामा वार्षिक मर्मत सम्भार तथा सरसफाई योजना तयार गरी गाउसभाबाट स्वीकृत गराउनु पर्नेछ,

(क) मर्मत सम्भार तथा सरसफाई कार्य आवश्यक भएका सडकहरु, खानेपानी, योजना, सिचाई योजनाहरुको विवरण,

(ख) मर्मत सम्भार तथा सरसफाई कार्यको प्रकार

(ग) मर्मत सम्भार तथा सरसफाई कार्यको प्राथमिकता

(घ) मर्मत सम्भार तथा सरसफाई कार्यको डिजाइन तथा लागत अनुमान

(ङ) उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी

(च) कार्यान्वयन प्रकृयाको किसिम

(छ) प्राथमिकीकरण अनुमानित तालिका

(ज) मर्मत सम्भार तथा सरसफाई कार्ययोजना

**२९. विभिन्न निकायहरुको भुमिका :**

गाउँपालिका स्तरीय मर्मत सम्भार तथा सरसफाईको समुचित कार्यान्वयनको लागि गाउँपालिकामा गाउँपालिकाका अतिरिक्त निम्न निकायहरुको पनि महत्वपूर्ण भुमिका रहनेछ ।

(क) गाउँपालिकासँग सिमाना जोडिएका अन्य गाउँ तथा गाउँपालिकाहरु

(ख) सडक मर्मत सम्भार समिति

(ग) उपभोक्ता समिति

(घ) सडक मर्मत सम्भार उपभोक्ता समिति

## परिच्छेद-६
## विविध

**३०. अनुगमन तथा मूल्याङ्कन**

गाउँपालिकाको मर्मत सम्भार तथा सरसफाई कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन व्यवस्था देहाय अनुसार गरिनेछ ।

(क) गाउँपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरिक्षण तथा मूल्याङ्कन गर्दा नियम २० को खण्ड (घ) बमोजिम गठित समितिसँग समन्वय गरी गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन भई कार्यान्वयन भएकोमा प्राविधिक मूल्याङ्कनका आधारमा वा कार्य प्रगतिको आधारमा भुक्तानी दिन सकिनेछ ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्याङ्कनका आधारमा दिईनेछ ।

(घ) अनुगमन तथा मुल्याङ्कनका आधारमा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गरिनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यक्रम खर्चको व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समितिहरुबाट हुने मर्मत सम्बन्धी कार्यको अनुगमन गर्दा बिल भर्पाइ लगायतका विवरण काममा संलग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

**३१. विवरण सार्वजनिक गर्नुपर्ने :-**

मर्मत सम्भार तथा सरसफाई सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराईएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नपर्नेछ ।

**३२. पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्न सक्ने :-**

राम्रो काम गर्ने उपभोक्ता समितिलाई गाउँपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

**३३. जाँचपास तथा फरफारक :-**

यस कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरु सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफारक गराउनु पर्दछ ।

**३४. प्रतिवेदन**

समितिबाट भएगरेका कार्यहरुको प्रगति प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**३५. संशोधन र बचाउ :**

१. यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधि भित्र रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

२. यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३. कार्यविधिमा लेखिएका कुराहरु नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र तत् सम्बन्धी नियमावली तथा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,

**शम्भु प्रसाद पौडेल**

प्रमुख प्रशासकीय अधिकृत